TRANSPARENCY INTERNATIONAL NEPAL
Coalition against corruption
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

www.tinepal.org tinepal
जि.प्र.का. काठमाडौं दर्ता नं. ८७/०५३/०५४
समाज कल्याण परिषद् आ. नं. १४०११

P.O. Box 11486, Chakubaku Marg, New Baneshwor, Kathmandu, Nepal.
Tel: +977 1 4475062, 4475262, Fax: +977 1 4475112
E-mail: trans@tinepal.org

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

२४ वैशाख २०७८

# कोभिड-१९ को खोप यथाशीघ्र उपलब्ध होस्

कोभिड-१९ को महामारीले विश्व नै आक्रान्त भएको छ। हालको यो महामारीको दोस्रो चरणमा अप्रत्याशित रुपले नेपालमा दैनिक हजारौं संक्रमितहरू थपिदै छन् भने दैनिक मृत्यु संख्या पनि निरन्तर बढ्दो छ। राजधानी लगायतका अस्पतालहरूमा शैयाको चरम अभाव रहेको, अक्सिजन आपूर्तिमा अभाव भएको, आवश्यक औषधि र सामग्रीहरूको पनि अभाव भएको र उचित उपचारको अभावमा संक्रमितहरूले अकाल मृत्युवरणसमेत गर्नु परिरहेको बारेका समाचारहरूले सर्वसाधारण जनता झन आक्रान्त भएका छन्।

यस्तो अवस्थामा सरकारले सेरम इन्स्टिच्यूट अफ इण्डिया प्रा.लि., भारतबाट खरिद गरिएको र गर्ने भनिएको खोपको आपूर्तिमा नेपालका केही कमिशन एजेन्टले प्रभाव पारी ढिलाई भैरहेको भन्ने समाचार सञ्चारमाध्यमबाट सार्वजनिक भएका छन्। उपरोक्त विषयहरूमा ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको गम्भीर ध्यानाकर्षण भएको छ।

यस संवेदनशील तथा जटिल परिस्थितिमा नेपाल सरकारलाई आफ्नो भूमिका थप प्रभावकारी बनाउन निम्न विषयमा ध्यानाकर्षण गराउन चाहन्छ :

१. जनताको जीवन रक्षा गर्नु सरकारको पहिलो र आधारभूत कर्तव्य हो, जसमा कुनै सम्झौता हुन सक्दैन। महामारी नियन्त्रणमा प्रभावकारी हुने खोप सम्पूर्ण नागरिकलाई यथाशिघ्र निःशुल्क उपलब्ध गराउनु पर्दछ। यसका लागि सर्वप्रथम पहिलो चरणको खोप सबैलाई उपलब्ध गराउनुका साथै पहिलो चरणमा खोप लिएकालाई दोस्रो चरणको खोपको व्यवस्था तोकिएको समयसीमाभित्रै हुनुपर्दछ। हाल यो प्रक्रिया अवरुद्ध भएकोले जनहीतको लागि सरकारले शिघ्रातिशीघ्र खोपतालिका सार्वजनिक गर्नु जरुरी छ। खोप आपूर्ति किन रोकिएको ? कुन राष्ट्रबाट कति खोप अनुदानमा आयो र कति आउन बाँकी छ ? कति खरिद भै आयो र कति आउन बाँकी छ ? हाल खोपको मौज्दात कति छ? र कति नयाँ खरिदको क्रममा छ भन्नेबारे जनतालाई सुसूचित गराउनु पर्दछ। यस्ता सूचना प्राप्त गर्नु नागरिकको संविधानप्रदत्त मौलिक अधिकार पनि हो।

२. विगत दुई वर्षदेखि टी.आई. नेपालले स्वास्थ्यसम्बन्धी सामग्री र औषधिको लागि खुला करार प्रणाली अपनाउन नेपाल सरकार, औषधी व्यवसायी र सरोकारवालाहरूसँग विभिन्न कार्यक्रमहरू गर्दैआएको छ। कोभिड-१९ जस्तो महामारीको अवस्थामा खोप लगायतका स्वास्थोपचारसम्बन्धी खरिदको प्रक्रिया झन् बढी पारदर्शी र जवाफदेही बनाइनुपर्ने जनआकांक्षा हुन्छ। महामारीको समयमा स्वास्थ्योपचारसम्बन्धी खरिदमा अनियमितता हुनु राष्ट्रघाती काम हो। कमिशनका लागि नेपाली जनताको जीवनसँग खेलवाड गर्ने काममा सरकारी वा निजी क्षेत्रका कसैको संलग्न भएको भए छानविन गरी निर्मम कारबाही गरिनु पर्दछ। वास्तविकता पारदर्शी बनाइनु पर्दछ।

३. कोभिड-१९ को रोकथाम, नियन्त्रण र व्यवस्थापनमा तीनै तहका सरकारको संयुक्त प्रयास र कार्ययोजना हुनु जरुरी छ। हाल महामारी रोकथामका लागि भइरहेको राजनीतिक र प्रशासनिक प्रयासमा प्राविधिक विशेषज्ञहरूको विज्ञतालाई थप महत्व दिई महामारी नियन्त्रणको अभियान अघि बढाइनु जरुरी छ।

४. कोभिड-१९ रोकथाममा संलग्न सरकारका निकाय, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयम्सेवी, सामाजिक अभियन्ता, सेवाकर्मीले अनवरतरुपमा दुवै चरणको संक्रमणमा आफ्ना तर्फबाट सेवा पुर्‍याउँदै आएको कार्य सह्रानीय छ। यस्ता कार्यलाई प्रोत्साहन गर्न सरकारबाट विशेष पहलकदमी लिन जरुरी छ। साथै उनीहरूको स्वास्थ्य र सुरक्षाबारे थप संवेदनशील हुन जरुरी छ।

कोभिड-१९ महामारी नियन्त्रणसम्बन्धी उपरोक्त विषय पारदर्शिता तथा जवाफदेहीताका साथ कार्यान्वयन होस् भनी ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल सरकारसँग जोडदार माग गर्दछ। धन्यवाद।

**मुकुन्द बहादुर प्रधान**
महासचिव